# लोक सेवा आयोग
# दिपायल कार्यालय

राजपुर, डोटी

## लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सुचना

### सूचना नं. ३०/०८१-८२, मिति : २०८१।०९।१६

यस कार्यालयबाट संचालन हुने नेपाल प्रहरीको **विज्ञापन नं. ०२/०८१-८२** (खुला तथा समावेशी), **प्रहरी सहायक निरीक्षक (जनपद)** पदको **श्री सुदुर पश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, दिपायल**बाट लिखित परीक्षाको लागि छनौट भएका उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम बमोजिम निम्न मिति, समय र स्थानमा संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### परीक्षा सञ्चालन सम्बन्धी कार्यक्रम

| क्र.सं. | पद | पत्र | विषय | परीक्षा मिति | परीक्षा समय |
|---|---|---|---|---|---|
| १. | प्रहरी सहायक निरीक्षक (जनपद) | प्रथम पत्र | सामान्यज्ञान तथा बौद्धिक परीक्षण | २०८१।१०।०३ गते | बिहान ११:०० बजे (५० मिनेट) |
| २. | | द्वितीय पत्र | अंग्रेजी तथा नेपाली भाषा | २०८१।१०।०४ गते | बिहान ११:०० बजे (२ घण्टा ३० मिनेट) |
| ३. | | तृतीय पत्र | पेशागत सैद्धान्तिक ज्ञान (खण्ड क) | २०८१।१०।०५ गते | बिहान ११:०० बजे (२ घण्टा १५ मिनेट) |
| | | | पेशागत व्यवहारिक परीक्षण (खण्ड ख) | २०८१।१०।०५ गते | दिनको १:२५ बजे (४५ मिनेट) |

**तृतीय पत्रको पेशागत व्यवहारीक परीक्षण सम्बन्धी विषयको परीक्षा देहाय बमोजिम संचालन हुनेछ।**

- तृतीय पत्र खण्ड (क) को पेशागत सैद्धान्तिक ज्ञान (२ घण्टा १५ मिनेट) को परीक्षा समाप्त भएपछि उक्त खण्ड (क) को उत्तर पुस्तिका बुझाई परीक्षार्थीहरु यथास्थानमै रहनु पर्नेछ । सोही बखतमा खण्ड (ख) को उत्तरपुस्तिका वितरण हुनेछ, उक्त खण्डको नाम नामेसी विवरण भर्ने र सोही उत्तरपुस्तिकाको बाहिर रहेको निर्देशन अध्ययन गर्न १० (दश) मिनेटको समय रहनेछ ।
- खण्ड (क) को परीक्षा समाप्त भएपश्चात दिइएको १० मिनेट भित्र निर्देशन पढ्ने र विवरण भर्ने कार्य गर्नु पर्ने छ र परीक्षा सुरु गर्ने संकेत घण्टी नलागेसम्म उक्त बाहिरी पेज बाहेक अन्य पाना हेर्न, पल्टाउन वा अध्ययन गर्न पाईने छैन ।
- परीक्षार्थी वा परीक्षा संचालन गर्ने कर्मचारी कसैले प्रश्नपत्र/उत्तरपुस्तिकालाई लैजान, नकक्ल गर्न वा फोटो खिच्ने लगायतका गर्न गराउन पाईने छैन ।

### परीक्षा केन्द्रहरु:

| क्र.स. | रोल/दर्ता नं. | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १. | २६००२ | २६००४०० | २०० जना | श्री लोक सेवा आयोग, दिपायल कार्यालय, राजपुर, डोटी । |
| २. | २६००४०३ | २६००८२५ | २३४ जना | श्री शहीद स्मृती आ.मा.वि., राजपुर, डोटी । |

**द्रष्टव्य १:**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

ख) परीक्षार्थीले अनिवार्यरुपमा प्रवेशपत्र साथमा लिई परीक्षा संचालन हुनु भन्दा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ।

ग) परीक्षा भवनमा झोला, मोवाइल, स्मार्ट वाच तथा अन्य विद्युतिय सामाग्रीहरु लैजान निषेध गरिएको छ। बस्तुगत बहुबैकल्पिक प्रश्नमा क्याल्कुलेटरको प्रयोग गर्न पाईने छैन।

घ) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ।

ङ) वस्तुगत बहु वैकल्पिक (Multiple Choice)भएको प्रश्नको उत्तर दिंदाअंग्रेजी ठूलो अक्षर (Capital Letter) मा (A,B,C,D) लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ।

**च) परीक्षार्थीले परीक्षा दिन आउँदा सम्बन्धित निकायबाट जारी भएको प्रवेश-पत्र सँगै नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र अनिवार्य रुपमा लिई उपस्थित हुनु पर्नेछ।**

| | | |
|---|---|---|
| ............................ | ................... | ............................ |
| गणेश बहादुर कठायत | हरिजंग चन्द | राज कुमार अधिकारी |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | नि. कार्यालय प्रमुख |